प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्कुल अफ हेल्थ साइन्स
भरतपुर, चितवन
पो.व.नं : १९
फोन नं : ९७७-०५६-५१०२४३
फ्याक्स नं : ९७७-०५६-५२४२२६

पत्र संख्या: २०८१।८२
चलानी नं :

मिति: २०८२।०३।०५
नेपाल सम्बत ११४५

# वार्षिक परीक्षा फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना !

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयवाट मिति २०८२।०३।०५ गते प्रकाशित सूचना वमोजिम यस शिक्षालयमा संचालीत (प्रमाणपत्र तह/डिप्लोमा) सामान्य चिकित्सा, फार्मेसी, मेडिकल ल्याव टेक्नोलोजी, फिजियोथेरापी, अप्थाल्मिक साइन्स, डेन्टल साइन्स र रेडियोग्राफी कार्यक्रमका **प्रथम, दोस्रो र तेस्रो वर्षमा अध्ययन गर्ने विद्यार्थीहरुले नियमित/आंशिक परीक्षा फाराम मिति** २०८२।०३।२३ गते भित्र नियमित शुल्क रु १००० (एक हजार) र आंशिक परीक्षा फाराम भर्ने विद्यार्थीहरुले एक विषयको रु ३०० (तिन सय) र थप प्रति विषय रु १५० (एक सय पचास)को दरले हुन आउने रकम यस शिक्षालयको राष्ट्रिय वाणिज्य वैकको खाता नं. १३१०१००००००००१००६ मा जम्मा गरेको सक्कल भौचर सहित परीक्षा शाखामा गई फाराम भर्नुहुनको लागी यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालयवाट मिति २०८१।०३।०५ गते प्रकाशित गरेको सूचना हेर्नुहुन अनुरोध छ ।

.......................
डा. रजनी शाह
शिक्षालय प्रमुख

**नोट: दोस्रो र तेस्रो वर्षमा अध्ययन गर्ने विद्यार्थीहरुले शिक्षालयलाई बुझाउन पर्ने वार्षिक शुल्कहरु अनिवार्यरुपमा भुक्तानी गरेको रसिद सहित परीक्षा शाखामा फाराम भर्नहुन अनुरोध छ ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# डिप्लोमा तथा प्रमाणपत्र तहको बार्षिक कार्यक्रमको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(मिति २०८२।०३।०५ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, आयुर्वेद सामान्य चिकित्सा, अकुपन्चर, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, मिडवाइफरी, फार्मेसी, फिजीयोथेरापी, योग एण्ड नेचुरोपेथी, फरेष्ट्री कार्यक्रमहरुको **प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक** एवं डिप्लोमा तह कृषि (वाली बिज्ञान र पशु बिज्ञान) को **प्रथम, दोश्रो र तेश्रो वर्षको आंशिक** परीक्षाहरु भदौ महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०८२ साल असार २५ गते भित्र नियमित शुल्कमा र २०८२ असार ३२ गते भित्र विलम्व शुल्कमा तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाती अन्तर्गत बार्षिक परीक्षा प्रणाली अन्तर्गतका सामान्य चिकित्सा, नर्सिङ्ग, फिजियोथेरापी, फार्मेसी, कृषि (वाली बिज्ञान र पशु बिज्ञान) र फरेष्ट्री_कार्यक्रमहरुको **प्रथम, दोश्रो र तेश्रो बर्षको नियमित** तथा **आंशिक** परीक्षा समेत सोही समयमा संचालन हुने भएकाले माथि उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनु हुन अनुरोध छ ।

साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## शर्तहरु:

१. **शिक्षालयले शैक्षिक सत्र २०७६/०७७ (ई.सं २०१९) देखि ITMS Online बाट रजिष्ट्रेशन भएका सम्पुर्ण कार्यक्रमका परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट शिक्षालयले आफ्नो User बाट Login गरी नियमितका लागि सेतो र आंशिकका लागि पहेंलो A4 साइजको कागजमा प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।**

२. नियमित तर्फ आंगिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी संचालित संस्थाहरुको हकमा प्रति विद्यार्थी रु.१,०००। र निजी शिक्षण संस्थाको हकमा बार्षिक परीक्षा प्रणालीको प्रति बिद्यार्थी रु. २,५००। र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोव्वर दस्तुर बुझाउनु पर्नेछ । साथै नियमित शुल्कको समय भित्र ITMS Online मा परीक्षार्थीहरुको आवेदन फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

३. **आंशिक परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोव्वर दस्तुर बुझाउनु पर्नेछ ।**

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा विषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी सम्वन्धित परिषद्का प्रदेश कार्यालयमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट** अनिवार्य रुपमा परिषद्को खातामा online बाट वा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर ITMS Online मा Upload गर्नुपर्नेछ र **मिति २०८२ श्रावण २ गते भित्र नियमित तथा विलम्व शुल्कमा भरीएका** परीक्षा आवेदन फाराम एकै साथ सम्वन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत छात्रवृत्ति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. **आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७६/७७ (ई. सं. २०१९) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउनेछन् ।** सम्पुर्ण कार्यक्रमहरुको Online आवेदन फारामहरु ITMS online मा entry गरी कार्यक्रमगत समष्टिगत फाराम क्रमानुसार मिलाई Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ ।

८. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा ITMS online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

९. नियमित तर्फ परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु ITMS online मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१०. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

११. अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ ।

१२. शुल्क बापतको रकम दाखिला परिषद्को खातामा online बाट वा परिषद्का प्रदेश कार्यालयहरुको निम्नानुसारको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(क) प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी: रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,

(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा: रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडा: रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की: रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं.३५००१००००००२३४००१,

(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही: रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१००००००३६१००१,

(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत: रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली: रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१

माथि उल्लेखित सम्वन्धित परिषद् प्रदेश कार्यालयको बैंक खातामा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ । **तोकिएको मिति भित्र शुल्क जम्मा नगरेमा सो को दोव्वर शुल्क जरिवाना तिर्नुपर्नेछ ।**

**नोटः**

१. परीक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने मिति २०८२।०३।०५ गते देखि मिति २०८२।०३।२५ गते दिनको ३:०० बजे सम्म

२. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने नियमित शुल्कको मिति २०८२।०३।०८ गते देखि मिति २०८२।०३।२५ गते सम्म

३. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति २०८२।०३।२६ गते

४. प्रशिक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बिलम्ब शुल्कमा बुझाउने मिति २०८२।०३।२६ देखि मिति २०८२।०३।३२ गते सम्म

५. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने बिलम्ब शुल्कको मिति २०८२।०३।२६ गते देखि मिति २०८२।०३।३२ गते सम्म

६. शिक्षालयले बिलम्ब शुल्कको बैंक दाखिला गर्ने अन्तिम मिति २०८२।०४।०१ गते सम्म

७. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८२।०३।२५ गते भित्र नियमित शुल्कको तथा मिति २०८२।०३।३२ गते भित्रमा बिलम्ब शुल्कको **ITMS Online System** मा शिक्षण संस्थाहरुले **Entry** गरिसक्नुपर्नेछ ।

८. **ITMS online** मा दिइएको **Online Payment** मार्फत शुल्क बुझाउने शिक्षालयको हकमा प्रशिक्षार्थीको प्रवेश पत्र शिक्षालय स्वयंले प्रिन्ट गरी प्राचार्यले दस्तखत गरी शिक्षालयको छाप लगाई बितरण गर्नुपर्नेछ ।

९. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**